# MODEL QUESTION

Level: Master Degree Time: 1:40 hrs

Subject: Nepali Education

Cross ☒ the best answers in your answer sheet

१. एउटै व्यक्तिले घरमा, कार्यालयमा र सार्वजनिक समारोहमा प्रयोग गर्ने भाषिक भेदलाई के भनिन्छ ?

(क) शिल्पगत (ख) परिवेशगत

(ग) आत्मगत (घ) वस्तुगत

२. 'प्रार्थी' र 'दर्शनाभिलाषी' को प्रयोग कुन किसिमका रचनामा गरिन्छ ?

(क) निमन्त्रणा (ख) बधाई

(ग) विज्ञापन (घ) सूचना

३. 'घरमा झगडा गर्ने राम बाहिर अत्यन्त ज्ञानी छ' यस वाक्यात्मक कार्यका दृष्टिले कर्ता बुझाउने शब्द कुन हो ?

(क) घर (ख) राम

(ग) झगडा (घ) ज्ञानी

४. नेपाली भाषाको लेख्य मानकीकरणमा कुन पत्रिकाको विशेष योगदान छ ?

(क) मधुपर्क (ख) शारदा

(ग) साहित्यस्रोत (घ) माधवी

५. नेपाली भाषा भारोपेली परिवारको कुन शाखाबाट विकसित भएको हो ?

(क) केन्तुम् (ख) सतम्

(ग) बाल्टिक (घ) केल्टिक

६. स्तरीय नेपालीको 'थियो' कुन भाषिकामा 'छियो' नै रहन्छ ?

(क) पूर्बेली (ख) मझपच्छिमा

(ग) वरपच्छिमा (घ) माझाली

७. 'सीताले सिकार खायो' यस वाक्यमा कुन भाषिक भेद पाइन्छ ?

(क) कालगत (ख) विषयगत

(ग) भूगोलगत (घ) सामाजिक

८. अल्पप्राण वर्णसमूह कुन हो ?

(क) ग, घ (ख) त, द

(ग) प, फ (घ) ज, झ

९. 'ले' विभक्तिको प्रयोग कुन सन्दर्भमा गरिन्छ ?

(क) कर्ता र करण (ख) कर्म र सम्प्रदान

(ग) कर्ता र कर्म (घ) अपादान र अधिकरण

१०. 'कन्या' को सही अक्षर संरचना कुन हो ?

(क) व्यव्यस्वव्य+ व्यव्यस्व (ख) व्यस्वव्य + व्यव्यस्व

(ग) स्वव्यव्य + व्यव्यस्व (घ) स्वस्वव्यव्य + व्यस्वव्यव्य

११. नेपाली भाषामा कतिवटा व्यतिरेकी वर्ण छन् ?

(क) २८ (ख) २९

(ग) ३३ (घ) ३६

१२. कस्ता लिपिचिह्नहरू तत्सम शब्दमा मात्र प्रयोग गरिन्छन् ?

(क) क, ख (ख) श, स

(ग) ञ, ण (घ) न, र

१३. वर्ण भाषाको कुन पक्षसँग सम्बन्धित हुन्छ ?

(क) श्रव्य (ख) लेख्य

(ग) पाठ्य (घ) कथ्य

१४. बुँदाटिपोटको दोस्रो चरणमा के गरिन्छ ?

(क) शीर्षक चयन (ख) सम्यक् पठन

(ग) रेखाङ्कन (घ) खेस्रो लेखन

१५. प्रत्यय लागेर व्युत्पन्न भएको शब्द कुन हो ?

(क) सीमित (ख) अज्ञान

(ग) प्रयोग (घ) उपयोग

१६. वाक्यका अनिवार्य घटक कुनकुन हुन् ?

(क) कर्ता-कर्म (ख) कर्ता-क्रिया

(ग) कर्म -क्रिया (घ) उद्देश्य-विधेय

१७. समपारिवारिक विशेषता भएका भाषा कुनकुन हुन् ?

(क) राई, लिम्बू (ख) नेवार, राजवंशी

(ग) गुरुङ, कुमाले (घ) पहरी, दरै

१८. भोटबर्मेली परिवारको सबभन्दा सम्पन्न भाषा कुन हो ?

(क) लिम्बू (ख) तामाङ

(ग) मगर (घ) नेवारी

१९. सूत्रबाट उदाहरण र प्रयोगतर्फ उन्मुख हुने शिक्षण पद्धतिलाई के भनिन्छ ?

(क) सम्प्रेषणात्मक (ख) आगमनात्मक

(ग) निगमनात्मक (घ) उत्पादनात्मक

२०. 'भाइ गीत लेख्छ' वाक्यलाई प्रेरणार्थमा रूपान्तरण गर्दा के हुन्छ ?

(क) हरि भाइलाई गीत लेखाउँछ (ख) भाइ रीतालाई गीत लेखाउँछ

(ग) दाजुसँग भाइ गीत लेख्छ (घ) भाइ गीत लेखाउँछ

२१. मुक्त-मुक्त रूपको संयोजन कुन प्रक्रियामा हुन्छ ?

(क) घरेलु (ख) घरज्वाइँ

(ग) घरैघर (घ) घरायसी

२२. भाषा पाठ्यक्रमको केन्द्रीय अङ्ग कुन हो ?

(क) क्षेत्र र क्रम (ख) शिक्षण सामग्री

(ग) उद्देश्य (घ) क्रियाकलाप

२३. प्राथमिक तहका लागि कस्ता शब्दभण्डार उपयोगी मानिन्छन् ?

(क) उच्चस्तरीय (ख) मध्यवर्ती

(ग) निम्नस्तरीय (घ) आधारभूत

२४. 'नेपालको संविधान (२०७२)' ले कस्तो भाषालाई राष्ट्रभाषा मानेको छ ?

(क) मुलुकभित्र बोलिने सबै भाषालाई

(ख) मुलुकमा बोलिने सबै मातृभाषालाई

(ग) दोस्रो भाषाका रूपमा बोलिने भाषालाई

(घ) राष्ट्रभित्र प्रचलित सबै भाषालाई

२५. उच्चारणगत त्रुटि निराकरणका निम्ति केको अभ्यास गराउनुपर्छ ?

(क) मौन पठन (ख) द्रुतपठन

(ग) पठनबोध (घ) सस्वरपठन

२६. कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा कतिवटा पाठ छन् ?

(क) १४ (ख) १५

(ग) १६ (घ) १७

२७. पुनरावृत्ति र थपोटमा कुन पाठ्यक्रमले बढी जोड दिएको हुन्छ ?

(क) रेखीय (ख) परम्परागत

(ग) चक्रीय (घ) सम्प्रेषणात्मक

२८. माध्यमिक तहको वर्तमान भाषा पाठ्यपुस्तकका अभ्यासमा कुन सिपका प्रश्नहरू बढी छन् ?

(क) सुनाइ (ख) बोलाइ

(ग) पढाइ (घ) लेखाइ

२९. प्राविधिक शब्दको अर्थ कुन तरिकाबाट सिकाउँदा प्रभावकारी हुन्छ ?

(क) चित्र प्रयोग गरेर (ख) पर्यायवाची शब्द दिएर

(ग) परिभाषा दिएर (घ) अभिनय गरेर

३०. भोटबर्मेली भाषिक पृष्ठभूमिका विद्यार्थीले नेपाली सिक्दा त्रुटि गर्ने प्रमुख क्षेत्र कुन हो ?

(क) उच्चारण (ख) पदसङ्गति

(ग) वर्णविन्यास (घ) शब्दरचना

३१. शब्दकोशको कुन भागमा औपचारिक विषय आएको हुन्छ ?

(क) पूर्वभाग (ख) अन्त्य भाग

(ग) मूल भाग (घ) उत्तर भाग

३२. 'जून धरतीलाई भेट्न हिमकणकणका साथमा मुस्कुराउँदै ओरालो झर्छ' यस वाक्यमा कस्तो विचलन पाइन्छ ?

(क) आर्थी (ख) प्रयुक्तिपरक

(ग) कोशीय (घ) व्याकरणिक

३३. दाङको थारु र पाँचथरको लिम्बू भाषी वक्ता विचार विनिमय गर्दा नेपाली भाषाको उपयोग कुन रूपमा गर्छन् ?

(क) साझा भाषाका रूपमा (ख) मानक भाषाका रूपमा

(ग) राष्ट्रभाषाका रूपमा (घ) सम्पर्क भाषाका रूपमा

३४. नेपाली भाषाको प्राचीन रूपलाई के भनिन्छ ?

(क) गोर्खाली (ख) पार्वती

(ग) सिन्जाली (घ) खसानी

३५. 'झर्रोवादी' आन्दोलनका प्रवर्तक को हुन् ?

(क) मोहनराज शर्मा (ख) चूडामणि बन्धु

(ग) नरेन्द्र चापागाईं (घ) बालकृष्ण पोखरेल

३६. स्नातक तहको तिनबर्से पाठ्यक्रममा नेपाली शिक्षालाई कति पूर्णाङ्क दिइएको छ ?

(क) ८०० (ख) ९००

(ग) १००० (घ) ११००

३७. राम आँप खाँदै छ। सीता पनि त्यही गर्दै छ। यहाँ क्रिया प्रतिस्थापक भाषिक एकाइ कुन हो ?

(क) आँप (ख) पनि

(ग) गर्दै छ (घ) सीता

३८. 'दोस्रो भाषा सिकाइमा मातृभाषाका अनुभवको स्थानान्तरण हुन्छ' भन्ने अवधारणाको व्याख्या कुनमा गरिन्छ ?

(क) व्यतिरेकी विश्लेषणमा (ख) त्रुटिविश्लेषणमा

(ग) सङ्कथन विश्लेषण (घ) शैलीविश्लेषणमा

३९. भाषाको व्याकरणात्मक व्यवस्थाले के जनाउँछ ?

(क) रूप र वाक्य (ख) ध्वनि र वर्ण

(ग) वर्ण र रूप (घ) अर्थ र वाक्य

४०. तिर्यक् कारकको उदाहरण कुन हो ?

(क) म घर गएँ (ख) म रातिसम्म बसेँ

(ग) मैले भात खाएँ (घ) म बिहानै उठेँ

४१. 'सुलोचना' महाकाव्यमा कति सर्ग छन् ?

(क) १२ (ख) १३

(ग) १४ (घ) १५

४२. नेपाली कविताको वीर धाराका अगुवा कवि को हुन् ?

(क) भानुभक्त आचार्य (ख) यदुनाथ पोखरेल

(ग) शक्तिवल्लभ अर्याल (घ) सुवानन्द दास

४३. पौराणिक विषयवस्तुमा आधारित पहिलो महाकाव्य कुन हो ?

(क) तरुण-तपसी (ख) आदर्शराघव

(ग) मानव (घ) सुलोचना

४४. 'राजेश्वरी' खण्डकाव्यको अध्याय विभाजनमा प्रयोग गरिएको शब्द कुन हो ?

(क) विचार (ख) सर्ग

(ग) विश्राम (घ) छाल

४५. नेपाली निबन्धको प्रारूप कुन कृतिमा पाइन्छ ?

(क) दिव्योपदेश (ख) हितोपदेश

(ग) दशकुमार चरित (घ) हास्यकदम्ब

४६. 'शिरीषको फूल' उपन्यासको मूल प्रवृत्ति कुन हो ?

(क) शून्यवादी जीवनदृष्टि (ख) काव्यात्मक भाषाशैली

(ग) आलोचनात्मक यथार्थवाद (घ) आध्यात्मिक चिन्तन

४७. विधा मञ्जन र विधा मिश्रणलाई प्रभावकारी समन्वय गर्ने उपन्यासकार को हुन् ?

(क) दौलतविक्रम विष्ट (ख) ध्रुवचन्द्र गौतम

(ग) लैनसिंह बाङ्देल (घ) पारिजात

४८. नाटक र महाकाव्यलाई एकअर्काबाट फरक देखाउने प्रमुख कुरा के हो ?

(क) विषयवस्तु (ख) पद्यात्मकता

(ग) चरित्र (घ) अभिनेयात्मकता

४९. 'कथा एउटा सानो आँखीझ्याल हो, जहाँबाट सानो संसार चियाइन्छ' यो भनाइ कसको हो ?
(क) हृदयचन्द्र सिंह प्रधान (ख) प्रदीप नेपाल
(ग) विश्वेश्वरप्रसाद कोइराला (घ) लक्ष्मीप्रसाद देवकोटा

५०. कुन कृतिको प्रकाशनपछि नेपाली नाटकमा आधुनिक कालको थालनी भएको हो ?
(क) मुटुको व्यथा (ख) अटलबहादुर
(ग) मसान (घ) भीमसेनको अन्त्य

५१.समस्या नाटक कुन हो ?
(क) सत्ताको खोजमा (ख) मसान
(ग) यो प्रेम ! (घ) मुटुको व्यथा

५२. स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रमले के अपेक्षा गरेको छ ?
(क) विशुद्ध भाषाको ज्ञान उपलब्ध गराउने
(ख) विधागत पहिचान र सामर्थ्यमा सक्षम तुल्याउने
(ग) भाषिक अभिव्यक्ति सामर्थ्यको विकास गराउने
(घ) विषयगत ज्ञानको क्षेत्र समृद्ध बनाउने

५३.आरोह र अवरोह सिकाउन कुन विधा बढी प्रभावकारी हुन्छ ?
(क) रूपक (ख) कथा
(ग) कविता (घ) उपन्यास

५४. मौलिक र सिर्जनात्मक क्षमता परीक्षणका लागि कस्ता प्रश्नहरू उपयोगी हुन्छन् ?
(क) निबन्धात्मक (ख) जोडा मिलाउने
(ग) ठिकबेठिक छुट्याउने (घ) खाली ठाउँ भर्ने

५५. शब्दभण्डार क्षमता अभिवृद्धिका लागि के गराउनु उपयुक्त हुन्छ ?
(क) शब्दकोश हेर्ने बानीको विकास गराउने
(ख) पूरक पाठ्यसामग्रीको अध्ययन गर्न लगाउने
(ग) प्रतियोगितात्मक कार्यक्रममा भाग लिन लगाउने
(घ) पाठ्यपुस्तकको गहन अध्ययन गर्न लगाउने

५६. सुनाइ र पढाइ सिप भाषाको कुन पक्षसँग सम्बन्धित छन् ?
(क) अभिव्यक्ति (ख) साहित्य
(ग) बोध (घ) व्याकरण

५७. भाषा पाठ्यपुस्तकलाई चिनाउने मह□वपूर्ण पक्ष कुन हो ?
(क) शब्दभण्डार (ख) चित्रविन्यास
(ग) विषयवस्तु (घ) नमुना अभ्यास

५८. गोविन्द गोठालेका नाट्यकृतिमा कस्तो परिवेशको चित्रण गरिएको छ ?
(क) काठमाडौंली (ख) ग्रामीण
(ग) सहरिया (घ) तराई/मधेस

५९. निबन्ध लेखनको उद्देश्य के हो ?
(क) रचनाकारको व्यक्तित्वको परिचय दिनु
(ख) रचनाको गहिराइभित्र डुबुल्की मार्नु
(ग) नैतिक शिक्षामा जोड दिनु
(घ) विषयवस्तुको गहिराइमा जोड दिनु

६०. आधुनिक नेपाली निबन्धको थालनीमा कुन पत्रिकाको योगदान मह□वपूर्ण रहेको छ ?
(क) मधुपर्क (ख) शारदा
(ग) गरिमा (घ) चन्द्रिका

६१.शङ्कर लामिछाने कस्ता निबन्धकार हुन् ?
(क) प्रयोगवादी (ख) परम्परावादी
(ग) स्वच्छन्दतावादी (घ) रुढिवादी

६२.लक्ष्मीप्रसाद देवकोटाका निबन्धको भाषा कस्तो हुन्छ ?
(क) वर्णनात्मक (ख) विवरणात्मक
(ग) कवितात्मक (घ) विश्लेषणात्मक

६३. 'खरो मिजास र निर्भीक निर्णय' कसको समालोचनात्मक प्रवृत्ति हो ?
(क) शरच्चन्द्र शर्मा (ख) रामकृष्ण शर्मा

(ग) इन्द्रबहादुर शर्मा (घ) मोहनराज शर्मा

६४. 'घाम डुब्यो' यो केको उदाहरण हो ?

(क) अभिधा (ख) लक्षणा

(ग) व्यञ्जना (घ) तात्पर्य

६५. साधारणीकरण सिद्धान्तका प्रवर्तक को हुन् ?

(क) अभिनव गुप्त (ख) शङ्कुक

(ग) भट्टनायक (घ) भट्टलोल्लट

६६. मगणको प्रयोग कुनमा पाइन्छ ?

(क) नेपाली (ख) भलाद्मी

(ग) संसार (घ) आयोग

६७. 'जीवन कहाली लाग्ने भिर हो' वाक्यमा कुन अलङ्कार छ ?

(क) अनुप्रास (ख) रूपक

(ग) उपमा (घ) उत्प्रेक्षा

६८. 'कसरी भनिएको छ भन्दा पनि के भनिएको छ' मा जोड दिने समालोचना कुन हो ?

(क) समाजपरक (ख) भाषाशैलीपरक

(ग) नीतिपरक (घ) मनोविज्ञानपरक

६९. स्वच्छन्दतावादी चिन्तनलाई नेपाली साहित्यमा प्रयोग गर्ने श्रेय कसले पाएको छ ?

(क) भानुभक्त आचार्य (ख) लेखनाथ पौड्याल

(ग) लक्ष्मीप्रसाद देवकोटा (घ) बालकृष्ण सम

७०. अनुसन्धानको उपयुक्त परिभाषा के हो ?

(क) सावधानीपूर्वक गरिने अध्ययन (ख) उपलब्ध तथ्यको व्याख्या

(ग) पुराना तथ्यको पुनर्व्याख्या (घ) नयाँ ज्ञान हासिल गर्ने प्रयास

७१. अनुसन्धानमा तालिककाको सूची शोधप्रतिवेदनका कुन भागमा दिइन्छ ?

(क) अग्र भाग (ख) पश्च भाग

(ग) मूल भाग (घ) परिशिष्ट भाग

७२. मा.वि. तहको भाषा पाठ्यक्रममा प्रयोगात्मक परीक्षणका लागि कति अङ्क भार छुट्याइएको छ :

(क) २० (ख) २५

(ग) ३० (घ) ३३

७३. कुन विधाका कृतिको अनुवाद कार्य असहज मानिन्छ ?

(क) उपन्यास (ख) नाटक

(ग) गीतगजल (घ) जीवनी

७४. पाठयोजनामा विशिष्ट उद्देश्य निर्धारण गर्दा कस्तो क्रियापदको प्रयोग गरिन्छ ?

(क) जान्नेछन् (ख) बुझ्नेछन्

(ग) परिचय दिनेछन् (घ) थाहा पाउनेछन्

७५. 'नेपाली बृहत् शब्दकोश' (२०४०) लाई सबभन्दा आधिकारिक र प्रामाणिक शब्दकोश किन मानिन्छ ?

(क) वैयक्तिक प्रयासमा निर्माण गरिएकाले

(ख) सामूहिक प्रयासमा निर्माण गरिएकाले

(ग) निजी स्रोतबाट प्रकाशन गरिएकाले

(घ) प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन गसिरएकाले